"साँस्कृतिक र प्राकृतिक सम्पदायुक्त, शैक्षिक एवं पर्यटकीय शहर स्वच्छ हराभरा, समाबेशी तथा समुन्नत हाम्रो कीर्तिपुर नगर !"

# आर्थिक वर्ष २०८३/०८४ को

# नीति तथा कार्यक्रम

कीर्तिपुर नगरपालिका

मितिः वि.सं.२०८३ असार १० गते

ने.सं. ११४६ तछलाथ्व दशमी

**यस कीर्तिपुर नगरपालिका, नगरसभाको नवौं अधिवेशनका अध्यक्ष तथा आदरणीय नगर प्रमुखज्यू**
**कार्यक्रमका प्रमुख अतिथि बागमती प्रदेश सरकारका मुख्यमन्त्री मा. ईन्द्रबहादुर बाँनिया ज्यू,**
**विशिष्ट अतिथि बागमती प्रदेश पूर्वमन्त्री मा. पुकार महर्जनज्यू**
**कीर्तिपुर क्षेत्रमा क्रियाशिल सबै राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु**
**प्रमुख प्रशासकिय अधिकृतज्यू**
**वडा अध्यक्षज्यूहरु तथा कार्यपालिका सदस्यज्यूहरु**
**न्यायिक समितिका सदस्यज्यूहरु**
**नगर सभाका सदस्यज्यूहरु**
**नगरपालिकाका सल्लाहकारज्यूहरु**
**सबै विषयगत समितिका सदस्यज्यूहरु**
**सुरक्षा निकाय तथा विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधिज्यूहरु**
**विद्यालयका प्रधानाध्यापक तथा प्रतिनिधि शिक्षकज्यूहरु**
**सबै शाखा प्रमुख तथा कर्मचारी मित्रहरु**
**पत्रकार मित्रहरु**
**लगायत यहाँ उपस्थित तथा संचार माध्यमवाट हेरिरहनु भएका सम्पूर्ण महानुभावहरूलाई हार्दिक स्वागत अभिवादन व्यक्त गर्दछु ।**

सर्वप्रथम २०४६ सालको जनआन्दोलनमा कीर्तिपुरवाट शहादत प्राप्त गर्नु हुने चार शहीदहरु राजमान माली, राजेन्द्र महर्जन, हिराकाजी महर्जन, लन वहादुर महर्जन तथा सशस्त्र द्वन्द, २०६२।०६३ सालको लोकतान्त्रिक जनआन्दोलनमा शहादत प्राप्त गर्ने वीर शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली तथा घाईते योद्धाहरु प्रति उच्च सम्मान व्यक्त गर्दछौं । साथै कीर्तिपुर नगरपालिकाका स्वर्गीय नगर प्रमुख राजकुमार नकर्मी प्रति हार्दिक श्रद्धान्जली गर्दै उहाँको परिवारजनमा धैर्यधारणाको शक्ति मिलोस् भनी प्रार्थना गर्दछु।

स्थानीय तहको आवधिक निर्वाचनबाट निर्वाचित भई कार्यभार सम्हालेको चार वर्ष पूरा भई पाँचौं वर्षमा प्रवेश भइसकेको छ । यस वर्ष बजेट कार्यान्वयन, सेवा प्रवाह, बेरुजु फछ्यौंटको अवस्था आदि विषयमा विगत वर्षहरूको तुलनामा उल्लेखनीय प्रगति भएको व्यहोरा अवगत गराउँदै यसमा सहयोग पुरयाउनु हुने सम्वद्ध सबैमा हार्दिक आभार एवं धन्यवाद प्रकट गर्दछौं ।

विगतका वर्षहरूमा १०.०६ प्रतिशत रहेको वेरुजु जनप्रतिनिधी र कर्मचारीको अथक प्रयास पश्चात आ.व. २०८१/०८२ सम्म क्रमशः घटाउँदै ०.९ प्रतिशतमा पुऱ्याउन सफल भएका छौं।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य कानूनले स्थानीय तहलाई निर्दिष्ट गरे बमोजिम उत्तरदायित्व, पारदर्शिता, जनसहभागिता तथा जवाफदेहिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने जिम्मेवारीलाई आत्मसात गर्दै, लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्दतिलाई सुदृढ गर्ने राष्ट्रिय अभिभारामा योगदान गर्ने दृढ संकल्पसहित, स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई जनमुखी बनाई स्थानीय विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गरी कीर्तिपुर नगरपालिकालाई कीर्तिपुरवासीको आफ्नै घरदैलोको सरकारका रुपमा व्यवहारमै महसुस हुने गरी स्थापित गर्ने योजना रहेको छ ।

अघिल्लो वर्ष पारित गरिएको नीति तथा कार्यक्रमलाई मूर्त रुप दिनका लागि कीर्तिपुर नगरपालिकाको नीति योजना तथा कार्यक्रमहरु पहिचान गर्ने, नीतिगत निर्णय गर्ने, कानुनी प्रवन्ध गर्ने तथा कार्यान्वयनलाई प्रभावकारी रुपमा कार्य सम्पादन गर्न सहयोग गर्नु हुने सिंगो जनप्रतिनिधिहरुको टिम, कर्मचारी मित्रहरु, स्थानीय राजनितिक दल, बुद्धिजीवि, स्वयंसेवी, नागरिक समाज र आम सञ्चारको भूमिका महत्वपुर्ण नै छ । यि सबै पक्षलाई ध्यान दिई नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ विभिन्न विषयगत कानुनहरु कीर्तिपुर नगरपालिकाको आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । नगरबाट सम्पादन हुने कार्यहरु समन्वय, सहकार्य, साझेदारी, सम्प्रेषण र अनुगमनलाई मुख्य आधार बनाई प्रभावकारी एवं परिणाममुखी कार्यान्वयन गर्नका लागी कीर्तिपुर नगर सरकार दुरदृष्टिका साथ अगाडि बढ्ने लक्ष्य लिएको छ ।

कीर्तिपुर नगरपालिका वा काठमाडौं उपत्यका नगर विकास प्राधिकरणको पूर्वस्वीकृति बिना जग्गा विकास आयोजना तथा प्लटिङ कार्य सञ्चालन हुँदा व्यवस्थित शहरी विकास अवरुद्ध भएको छ र राजस्व परिचालनमा समेत उल्लेखनीय ह्रास आएको छ। आगामी आर्थिक वर्षदेखि यस समस्याको स्थायी समाधानका लागि आवश्यक नीतिगत तथा कानुनी उपाय अवलम्बन गरिनेछ।

नगरपालिकाको आन्तरिक आयतर्फ गत आर्थिक वर्षदेखि निरन्तर लक्ष्य नाघ्दै आएको यो उपलब्धि समग्र नगर परिवारको सामूहिक परिश्रम र प्रतिबद्धताको प्रतिफल हो। नगरपालिका शून्य बेरुजुको लक्ष्यतर्फ सुदृढ गतिमा अग्रसर रहेको यो तथ्य सम्मानित सभासमक्ष गर्वका साथ प्रस्तुत गर्दछु।

कीर्तिपुर नगर क्षेत्रभित्रका सहकारी पीडित बचतकर्ता तथा सहकारीकर्मीहरूले नेपाल सरकार र बागमती प्रदेश सरकारका हालसम्मका प्रयासबाट पर्याप्त राहत अनुभव गर्न पाएका छैनन्। दुवै सरकारसँग प्रभावकारी समन्वय गरी पीडितहरूको समस्याको ठोस समाधान खोजिनेछ। साथै, नगरपालिकाको नियमन क्षेत्रभित्र रहेका सहकारी संस्थाहरूको अनुगमन तथा अभिलेखन कार्यलाई थप कडा र व्यवस्थित बनाइनेछ।

सुशासन वर्तमान समयको सर्वाधिक ज्वलन्त आवश्यकता हो। नक्सा पास, राजस्व प्रशासन, विभिन्न सिफारिस तथा उजुरी सुनुवाइका क्षेत्रमा नागरिकको अपेक्षा अनुरूप सेवा प्रदान हुन नसकेकोप्रति हामी सचेत छौं। आगामी आर्थिक वर्षदेखि गुनासोरहित सेवा प्रवाह सुनिश्चित गर्न तथा क्षतिपूर्ति सहितको नागरिक बडापत्र कार्यान्वयनमा ल्याउन ठोस नीतिगत सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

कीर्तिपुरलाई साँस्कृतिक पर्यटकीय नगरीका रूपमा विकास गर्न आवश्यक भौतिक पूर्वाधार, दक्ष जनशक्ति र सूचना प्रणाली विकासका कार्यहरू अपेक्षित गतिमा अघि बढेका छन्। पर्यटक सूचना केन्द्रमा निर्माणाधीन मिनी संग्रहालयको कार्य अन्तिम चरणमा पुगेको छ। आगामी श्रावण १ गतेदेखि नगरपालिकाको आर्थिक ऐन बमोजिम पर्यटक प्रवेश शुल्क सङ्कलन प्रारम्भ गरिनेछ।

जेन्जी आन्दोलनको क्रममा आगजनीबाट पूर्णतः क्षतिग्रस्त नगरपालिकाको प्रशासकीय भवनको प्राविधिक अवस्थाको मूल्याङ्कन कार्य सम्पन्न भइसकेको छ। भवनलाई पुनः प्रयोगयोग्य अवस्थामा पुनर्स्थापना गर्न सम्भव हुने वा नहुने सम्बन्धमा मूल्याङ्कन टोलीले गृहकार्य जारी राखेको व्यहोरा सम्मानित सभासमक्ष अवगत गराउन चाहन्छु।

त्रिभुवन विश्वविद्यालय जनस्वास्थ्य विभागको उपयोग प्रयोजनका लागि निर्माण भएको भवन तथा सो परिसरको जग्गा नगर कार्यपालिकाको प्रशासकीय प्रयोजनका लागि उपलब्ध गराउन विश्वविद्यालय प्रशासन र नेपाल सरकारसमक्ष पुनः अनुरोध गर्ने प्रस्ताव गर्दछु। यस विषयमा यस क्षेत्रका सबै जनप्रतिनिधि तथा सम्बन्धित प्रशासकीय निकायको सक्रिय सहयोगको अपेक्षा राख्दछु।

कीर्तिपुर विष्णुदेवी नगर अस्पतालमा सीमित भौतिक पूर्वाधार र स्रोत साधनलाई व्यवस्थित गरी आम नगरवासीहरूलाई स्वास्थ्य सेवा प्रदान गर्न सफल भएका छौं। आगामी आर्थिक वर्षमा मापदण्ड अनुकूल पर्याप्त क्षेत्रफलको जग्गा प्राप्त गरी उपलब्ध सम्पूर्ण स्रोतसाधनको केन्द्रीकरण गर्दै स्वास्थ्य सेवा भवन लगायत आवश्यक पूर्वाधार निर्माण गरी संविधानले प्रत्याभूत गरेको स्वास्थ्य सम्बन्धी मौलिक हकलाई प्रचलनमा ल्याउन विशेष पहल गरिनेछ। नगर प्रमुखको अध्यक्षतामा सञ्चालित कीर्तिपुर अस्पताल, नेपाल सरकार सञ्चालित आयुर्वेद अनुसन्धान अस्पताल, त्रिभुवन विश्वविद्यालय सञ्चालित आयुर्वेद शिक्षण अस्पताल तथा कीर्तिपुर आँखा अस्पतालका स्रोतसाधनको समन्वय र सहजीकरण गरी समग्र स्वास्थ्य सेवालाई प्रभावकारी बनाइनेछ।

संघीय सरकार र प्रदेश सरकारको समन्वयकारी भुमिकाको साथ तथा सहयोगमा यस नगर क्षेत्रभित्र स्वच्छ खानेपानी वितरण, फोहोरमैला व्यवस्थापन, कृषिमा आधुनिकिकरण, कृषि बजारको व्यवस्था, पर्यटकिय क्षेत्रको विकास, सूचना प्रवन्ध, शिक्षा, सडक, यातायात, साँस्कृतिक सम्पदाको संरक्षण लगायत महिला, दलित, अपाङ्ग, वालवालिका, जनजाती, जेष्ठ नागरिक, युवा लक्षित कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गर्ने र विकासका योजनाहरुलाई एकिकृत योजनाका साथ अगाडी बढ्ने योजना लिएका छौं । कीर्तिपुर नगरपालिकालाई सर्वाङ्गिण दिगो विकास र सम्मृद्धिको मार्गमा द्रुत गतिमा अगाडी बढाई समाजवाद उन्मुख राष्ट्र निर्माणको कार्यमा एक आपसमा हातेमालो गर्दै सशक्त ढङ्गले एकताबद्ध तरिकाले आ-आफ्नो स्थान र भूमिकाबाट सहयोग गरी दिन हुन सम्पूर्ण नगरबासीहरुमा हार्दिक अपिल गर्दछु । नगरपालिकाको नीति तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनमा कर्मचारी मित्रहरुको पुर्ण रुपमा सृजनात्मक एवं सक्रिय सहयोग मिल्ने विश्वासका साथ नगरपालिकाको आगामी आ.व. को नीति तथा कार्यक्रम एकिकृत विकासको नारालाई वृहत योजनामा समाहित हुने गरी सोहि अनुसारका नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## मुख्य नीतिहरू

यो नीति तथा कार्यक्रम तर्जुमा गर्दा मूल रुपमा निम्नलिखित मुख्य नीतिहरूको आधारमा क्षेत्रगत बजेट, नीति, योजना तथा कार्यक्रमअगाडि बढाइनेछ।

- कीर्तिपुर विष्णुदेवी नगर अस्पतालको सेवालाई २४ सैं घण्टा आकस्मिक सेवा (Emergency Service) थप सेवा विस्तार सहित विशेषज्ञ बहिरङ्ग (O.P.D) सेवालाई निरन्तरता दिईनेछ।
- स्वास्थ्य स्वयंम सेविका प्रोत्सहान कोष स्थापनाका लागि आवश्यक रकम विनियोजन गरिनेछ ।
- मेयर स्वास्थ्य प्रबर्द्धन कार्यक्रम अन्तर्गत घुम्ती सेवा मार्फत विषेशज्ञ चिकित्सकबाट जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू र एकल महिलाहरूको सुक्ष्म रुपमा स्वास्थ्य जाँच कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- नगरपालिकाले तयार गरेका आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना (MTEF) अनुरूप नगरपालिकाका योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ ।
- एक घर एक स्नातक कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

- खुला विद्यालय कार्यक्रमलाई समेत निरन्तरता दिई उक्त कार्यक्रमलाई थप प्रभावकारी बनाई सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सहयोग पुऱ्याउने कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।
- यस नगरभित्र सञ्चालनमा रहेका शैक्षिक संस्थाहरूले उपलब्ध गराउनु पर्ने निशुल्क छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिई थप प्रभावकारी बनाईनेछ ।
- निजी तथा सरकारी स्वास्थ्य संस्थाहरूले उपलब्ध गराउन पर्ने निशुल्क उपचार एवं उपचार सैयाको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ र सो को सघन रुपमा नियमन गरिनेछ ।
- निकासी कर लगायत करको दायरा बिस्तार गरी राजश्व बृद्धिमा जोड दिईनेछ। राजश्वसंग सम्बन्धित सूचना र अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै राजश्व संकलनलाई करदातामैत्री एवं सूचना प्रविधि प्रणाली मैत्री बनाइनेछ ।
- राजश्व संकलन वृद्धिका लागि जनचेतना जगाउन सबै वडामा राजश्व क्यामपियन सञ्चालन गरिनेछ।
- घर जग्गा बहालकरलाई करदाताले स्वस्फूर्त रुपमा बुझाउने नीतिलाई अवलम्बन गरिनेछ ।
- आ.व. २०८३/०८४ को सम्पत्तीकर सोहि आ.व. को प्रथम त्रैमासिकमा चुक्ता गर्नेलाई १० प्रतिशत, दोस्रो त्रैमासिकमा चुक्ता गर्नेलाई ५ प्रतिशत छुटको व्यवस्थालाई निरन्तरता दिइनेछ । चालु आर्थिक वर्षमा कर भुक्तानी नगरेमा अर्को आर्थिक वर्षमा ५ प्रतिशत जरिवाना र सो वर्ष समेत कर भुक्तानी नगरेमा प्रत्येक वर्ष थप २ प्रतिशतका दरले जरिवाना लिइने कार्यलाई कडाइका साथ लागू गरिनेछ।
- नगर क्षेत्र भित्रका सम्पदा स्थल, सार्वजनिक बाटो, पोखरी आदीको सर-सफाई, संरक्षण तथा मर्मत संभार कार्यका लागी दर्ता भएका स्थानीय महिला समूह, सामुदायिक संस्था, क्लबलाई आर्थिक अनुदान उपलब्ध गराई जिम्मेवार बनाईने नीतिलाई निरन्तरता दिइनेछ ।
- जनप्रतिनिधिलाई पेश्की नदिने नीतिलाई यस वर्ष पनि निरन्तरता दिइनेछ ।
- योजना तथा कार्यक्रमहरू समयमै सम्झौता गरी सम्पन्न गर्ने कार्यलाई प्रोत्साहित गर्ने नीतिलाई निरन्तरता दिइनेछ। आर्थिक वर्षको बैशाख मसान्त पछि योजना तथा कार्यक्रमहरू सम्झौता नगर्ने नीति लाई कडाइका साथ लागू गरिनेछ।
- बेरुजु र पेश्की बेरुजु रहेका उपभोक्ता समितिहरुको अभिलेख अद्यावधिक गरी त्यस्ता समिति तथा पदाधिकारीहरुबाट योजना तथा कार्यक्रमहरु सञ्चालन नगर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- सुरक्षित मातृत्व,बाल स्वास्थ्य, किशोर किशोरी, यौन तथा प्रजनन स्वास्थ्य लगायतका सेवालाई प्राथमिकता साथ सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर अभिबृद्धि गर्न पाठ्यक्रम, विद्यार्थी र शिक्षक केन्द्रित आवश्यक नीति तय गरी कार्यान्वयनको नीतिलाई निरन्तरता दिइनेछ।
- विद्यालयको भौतिक पुर्वाधार विकासलाई निरन्तरता दिई सामुदायिक विद्यालयहरुको शैक्षिक पक्षको सुदृढिकरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- बैदेशिक रोजगारीमा जाने र फर्कि आउने नगरवासीहरूको अभिलेख राख्ने व्यवस्था मिलाईनेछ । वैदेशिक रोजगारीबाट फर्केका नगरवासीहरुको ज्ञान, सीप, र क्षमतालाई उपयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

**सभाध्यक्ष महोदय,**

अव म आगामी आ.व. २०८३/०८४ को लागि विषयगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न गईरहेको छु।

**<u>क्षेत्रगत नीतिहरू</u>**

## (१) सामाजिक विकास क्षेत्र

### १.१ स्वास्थ्य

१. कीर्तिपुर विष्णुदेवी नगर अस्पतालमा बर्थिङ सेन्टर स्थापना गरी सीघ्र सञ्चालन गरिनेछ ।

२. कीर्तिपुर विष्णुदेवी नगर अस्पतालमा इमर्जेन्सी सेवालाई थप प्रभावकारी बनाईनेछ।

३. कीर्तिपुर विष्णुदेवी नगर अस्पताललाई आवश्यक पर्ने पूर्वाधारको व्यवस्था गरी १५ शैयाको अन्तरंग सेवाको प्राभावकारी रुपमा सञ्चालन गरिनेछ ।

४. त्रिभुवन विश्वविद्यालयको स्वामित्वमा रहेको जग्गा, कीर्तिपुर विष्णुदेवी नगर अस्पताल स्तरोन्नतीका लागि आवश्यक पर्ने भएकोले उक्त जग्गा उपलब्ध गराउनका लागि त्रिभुवन विश्वविद्यालयसँग पहल गरिनेछ ।

५. नगरपालिका भित्र बसोबास गर्ने स्थायी बासिन्दा र नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई कीर्तिपुर PHECT अस्पतालमा ५०% छुट सहित उपचार सेवा उपलब्ध गराउने व्यवस्थालाई अझ बढी प्रभावकारी रुपमा सञ्चालन गर्ने गरी निरन्तरता दिइनेछ ।

६. नगरपालिका भित्र बसोबास गर्ने स्थायी बासिन्दाहरुलाई एम्बुलेन्स तथा शवबाहन सेवा निशुल्क उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

७. साविक ६८ वर्ष उमेर पूरा भएका जेष्ठ नागरिक र "क" र "ख" वर्गका अपाङ्गता परिचयपत्र भएका नगरवासीहरुलाई सुगर प्रेसरको औषधि निशुल्क वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै आ.व. २०८३/८४ देखि थप हुने ७० वर्ष पूरा भएका जेष्ठ नागरिक र "क" र "ख" वर्गका अपाङ्गता परिचयपत्र भएका नगरवासीहरुलाई मात्रै सुगर प्रेसरको औषधि निशुल्क वितरण कार्यलाई निरन्तरता दिइनेछ।

८. थेरापी, अकुपंचर, अकुप्रेसरको आवश्यकता भएका असक्त, अपाङ्गता भएका, यौनिक अल्पसंख्यक, एकल महिला तथा ज्येष्ठ नागरिकहरुका लागि सम्बन्धित आयूर्वेदिक स्वास्थ्य सेवा प्रदायक अस्पतालहरुसँगको सहकार्यमा सेवाको उचित प्रबन्ध गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

९. नगरक्षेत्र भित्रका निजी स्वास्थ्य संस्थाको दर्ता, नियमन तथा अनुगमन कार्यलाई थप प्रभावकारी बनाईनेछ ।

१०. गर्भवती तथा सुत्केरी महिलाहरुलाई आवश्यक स्वास्थ्य परीक्षण निःशुल्क रुपमा उपलब्ध गराउने व्यवस्था मिलाउनुको साथै निःशुल्क आइरन तथा क्याल्सियम चक्की वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११. नगरपालिकाबाट उपलब्ध गराउँदै आइएको निःशुल्क डायलाइसिस सेवालाई थप प्रभावकारी बनाउँदै कीर्तिपुर phect अस्पताल मार्फत निरन्तरता दिइनेछ ।

१२. कीर्तिपुर विष्णुदेवी नगर अस्पतालमा डायलायसिस सेवा सीघ्र सञ्चालनको व्यवस्था मिलाईनेछ।

१३. अति विपन्न परिवार स्वास्थ्य उपचार सहयोग कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१४. आँखा स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रम सहकार्य मार्फत सञ्चालन गर्ने गरी निरन्तरता दिईनेछ।

१५. नेपाल रेडक्रस सोसाइटी केन्द्रीय रक्त संचार केन्द्र, भृकुटीमण्डमको सहकार्यमा कीर्तिपुर नगरवासीका लागि आवश्यक परेको बखत रगत तथा रक्त पदार्थहरू निःशुल्क उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

१६. कीर्तिपुर विष्णुदेवी नगर अस्तालमा रक्त संचार संकलन केन्द्र, (Blood collection centre) स्थापनाका लागि पहल गरिनेछ ।

१७. कीर्तिपुर नगरपालिकामा नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१८. विष्णुदेवी नगर अस्पताल मार्फत सबै स्वास्थ्य संस्थाहरूको स्वास्थ्य प्रयोगशाला केन्द्रिकृत गर्ने नीतिलाई लिइनेछ।

१९. नगरपालिका भित्र मनोसामाजिक परामर्श केन्द्र सञ्चालनमा ल्याइनेछ।

२०. परम्परागत चिकित्सा पद्धतिको रुपमा रहेको आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियोप्याथी, योग तथा ध्यान लगायतका स्वास्थ्य पद्धतिको संरक्षण, प्रवर्द्धन, विकास र बिस्तार गर्दै लगिनेछ ।

२१. महिला स्वास्थ्य स्वयंसेवीहरुको क्षमता अभिबृद्धि गरिनेछ । नियमित खोप कार्यक्रमलाई प्रवर्द्धन गर्दै खोप अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।महिलाहरुमा हुने पाठेघरको मुख तथा स्तन क्यान्सर पहिचान गर्न प्रत्येक वडामा क्यान्सर परीक्षण अभियानलाई निरन्तरता दिई थप प्रभावकारी बनाइनेछ।

२२. मादक पदार्थ र सुर्ति जन्य पदार्थ सार्वजनिक स्थान, स्वास्थ्य संस्था र शैक्षिक संस्था वरपर विक्री वितरणमा रोक लगाउने नीतिलाई कडाइका साथ लागू गरिनेछ।

२३. लागू पदार्थ दुर्व्यसनीमा फसेका व्यक्तिहरू पहिचान गरी उक्त व्यक्तिहरूको रोकथाम, उपचार तथा पुर्नस्थापना कार्यक्रम सञ्चालनको लागि सम्बन्धित संस्थाहरूसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

**१.२ शिक्षा**

२४. कीर्तिपुर नगरपालिका भित्रका स्थानीय आर्थिक रुपमा विपन्न विद्यार्थीहरुलाई प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन गर्न छात्रवृत्ती वितरण कार्यलाई निरन्तरता दिइनेछ।

२५. "एक घर एक स्नातक कार्यक्रम" अन्तर्गत मंगल बहुमुखी क्याम्पस, जनाधार क्याम्पस र शहीद स्मारक कलेजसँगको सहकार्य र समन्वयमा सञ्चालित कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै निरन्तरता दिइनेछ ।

२६. नेपालभित्र MBBS, Biometric Engineering विषयमा अध्ययनरत स्थानीय विद्यार्थीहरूलाई आवश्यक छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

२७. सामुदायिक तथा संस्थागत विद्यालयहरूको समन्वयमा शैक्षिक गुणस्तर सँग सम्बन्धित विविध कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२८. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले गरेको व्यवस्था बमोजिम २०८५ बैशाखसम्म विद्यालय भर्ना र आधारभूत तह पूरा गर्ने दर तोकिए बमोजिम पूरा गरिनेछ।

२९. नेपाल भाषामा स्नातक, स्नातकोत्तर र दर्शनाचार्यमा अध्ययनरत स्थानीय व्यक्तिहरूलाई छात्रवृत्ति दिने कार्यलाई निरन्तरता दिइनेछ।

३०. सहिद स्मारक कलेजमा सञ्चालन हुने BCA कार्यक्रम अन्तर्गत अध्ययन गर्ने स्थानीय विद्यार्थीहरुका लागि आंशिक छात्रवृति उपलब्ध गराईने नीतिलाई निरन्तरता दिइनेछ।

३१. दिगो विकास लक्ष्यका सूचकहरू प्राप्तिका लागि नगरपालिका भित्र अध्ययनरत विद्यार्थीहरूलाई अन्तराष्ट्रिय मञ्चहरूमा सहभागी गराउन प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३२. नगरस्तरीय पाँच वर्षे शिक्षा योजनामा उल्लेख भएका कार्यक्रमहरूलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइ योजनाबद्ध ढंगबाट कीर्तिपुरवासीलाई गुणस्तरीय शैक्षिक अवसरको प्रत्याभूती गराइनेछ ।

३३. सामुदायिक तथा संस्थागत विद्यालयहरुको शैक्षिक, भौतिक, प्राविधिक र व्यवस्थापकीय पक्षहरुको सबलिकरण गर्दै स्थानीय लगायत अन्य क्षेत्रका विद्यार्थीहरुको आकर्षणयुक्त शैक्षिक केन्द्रको रुपमा विकास गरिने नीतिलाई निरन्तरता दिईनेछ।

३४. कीर्तिपुर नगरपालिका क्षेत्र भित्र सञ्चालित सम्पूर्ण विद्यालयहरूलाई एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली(IEMIS) मा अनिवार्य आबद्ध गरी सो को प्रभावकारी रुपमा नियमन कार्यलाई निरन्तरता दिइनेछ।

३५. युवाहरूको ब्रेन ड्रेन न्यूनीकरण गर्न "मिसन रोजगारी" कार्यक्रम अन्तर्गत तालिम प्राप्त युवाहरूलाई स्थापित I.T. HUB मार्फत डिजिटल रोजगारी, स्वरोजगार तथा स्टार्ट अप उद्यममा आबद्ध गराई I.T. HUB लाई पूर्ण क्षमतामा सञ्चालन गरिनेछ।

३६. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई प्रभावकारी बनाउन विद्यालय तहबाट नै प्रतिस्पर्धी खेलाडी उत्पादनलाई प्रोत्साहनका लागि प्रशिक्षक सहितको व्यवस्था मिलाइनेछ ।

३७. प्रधानाध्यापक, शिक्षक, बालविकास सहजकर्ता, विद्यालय कर्मचारी, विद्यालय सहयोगी र स्थानीय विषयको पाठ्यक्रम अध्यापन गर्ने शिक्षकहरुको लागि वृत्ति विकास तथा प्रोत्साहन सम्बन्धी कार्यक्रमहरुलाई थप प्रभावकारी बनाइ निरन्तरता दिइनेछ ।

३८. राष्ट्रिय प्राठ्यक्रम प्रारुप, २०७६ लाई पूर्ण रुपमा कार्यान्वयन गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नका लागि शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकास गरिनेछ र विद्यालय तहका शैक्षिक जनशक्तिलाई अनुसन्धानात्मक कार्यमा संलग्न गराइने कार्यलाई निरन्तरता दिईनेछ ।

३९. नगर क्षेत्र भित्रका विद्यालहरुमा अध्यनरत बालबालिका, युवा, शिक्षकहरुको प्रतिभा पहिचान, सृजनात्मक कार्य र अन्वेषणात्मक कार्यहरुलाई प्रोत्साहन गर्नका लागि अन्वेषणात्मक अवधारणा पत्र निर्माण गरी क्रमश नगरस्तरीय Innovation Center स्थापना गरिनेछ ।

४०. कीर्तिपुर माध्यमिक विद्यालय र टौदह राष्ट्रिय माध्यमिक विद्यालयलाई नमुना विद्यालय अन्तर्गत उपलब्ध गराउँदै आएको प्रोत्साहन रकमलाई निरन्तरता दिइनेछ।

४१. यस वर्ष नमूना विद्यालयको रुपमा आदिनाथ मा.वि.लाई नमूना विद्यालयको रुपमा विकास गर्ने नीति लिईनेछ।साथै आवश्यक पूर्वाधार पूरा गरेका अन्य विद्यालयलाई समेत क्रमशः नमूना विद्यालयको रुपमा विकास गर्ने नीति लिइनेछ।

४२. यस नगरपालिकामा कक्षा ६ सम्मका विद्यार्थीहरुलाई स्थानीय पाठ्यक्रम अन्तर्गत नेपाल भाषाको झिगु किपू विषय पठनपाठन गराउने नीतिलाई निरन्तरता दिँदै कक्षा ८ सम्म क्रमशः लागु गर्ने नीति लिइनेछ । साथै अन्य स्थानीय भाषामा समेत पाठ्यक्रम तयार गर्ने कार्यलाई अघि बढाईनेछ ।

४३. स्थानीय पाठ्यक्रमलाई समय सापेक्ष परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ।

४४. सामुदायिक विद्यालयसँगको सहकार्यमा खुला विद्यालय सञ्चालन भइसकेकोले विद्यालय शिक्षाबाट वञ्चित नगरबासीको शैक्षिक हक सुनिश्चित गरिनेछ ।

४५. अल्पसंख्यक, अति विपन्न, दलित नगरवासी, सहिद परिवार र द्वन्द पिडित परिवारका विद्यार्थीहरूलाई सामुदायिक विद्यालयहरुमा १२ कक्षा सम्म निशुल्क शिक्षा दिने नीतिलाई निरन्तरता दिइनेछ।

४६. कीर्तिपुर नगरपालिका भित्रका विद्यालयहरुमा हरित विद्यालय विकास कार्यक्रम लागू गरी हरित पर्यावरण प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिईनेछ।

४७. सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरुको पेसागत विकास मार्फत प्रबिधिमैत्री गुणस्तरिय शिक्षामा जोड दिईनेछ।

४८. विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरूका लागि विशेष शिक्षाको व्यवस्था गरिनेछ।

## १.३ लैगिंक समानता तथा सामाजिक समावेशीकरण नीति

४९. बिभेदमुक्त समाज निर्माण र छुवाछुत बिरुद्धको कार्यक्रम सञ्चालन गरी परम्परागत सीपको प्रवर्द्धन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

५०. वडा नं ७ बालमैत्री वडा घोषणा भइसकेको परिप्रेक्ष्यमा दिगोपनाको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने र क्रमशः अन्य सबै वडाहरूलाई बालमैत्री वडा घोषणा गर्दै समग्र नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

५१. नगरपालिका भित्र सञ्चालित जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालनको लागि आर्थिक अनुदान उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

५२. ज्येष्ठ नागरिकको ज्ञान सिप र अनुभवलाई नगरको समृद्धिका लागि पुस्तान्तरण गरी उपयोग गर्ने व्यवस्था मिलाईनेछ ।

५३. लैङ्गिक अल्पसंख्यक नगरवासीको लागि क्षमता अभिवृद्धिको कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

५४. महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी कार्यक्रम लाई निरन्तरता दिइनेछ।

५५. लैङ्गिक हिंसाबाट प्रभावितहरुका लागि राहत, मनोसामाजिक परामर्श सम्बन्धी कार्यक्रम लाई निरन्तरता दिइनेछ।

५६. गृहिणी महिलासँग उप-प्रमुख कार्यक्रम सञ्चालन गरिनेछ ।जस अन्तर्गत गृहिणी महिलाहरुलाई सशक्तिकरण गर्दै आर्थिक रुपमा आत्मनिर्भर बनाउन बिभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

५७. बाल विकास र बाल अधिकारसम्बन्धी सरोकारवाला निकायको समन्वयमा बिशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

५८. सवै सार्वजनिक संरचनाहरुलाई अपाङ्गतामैत्री बनाइनेछ।अपाङ्गता भएका ब्यक्तिहरुको सशक्तिकरणका लागि तालिम सञ्चालन गरी सीप, पूँजी, प्रबिधि हस्तान्तरण गर्नुका साथै आवश्यकता भएका अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गता सहायक सामग्री उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ।

५९. अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गर्दै एकिकृत दिवा सेवा केन्द्र सञ्चालनको नीति लिइनेछ।

६०. अपांगता भएका व्यक्तिहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन आवश्यक क्षमता विकासका कार्यक्रम सञ्चालन कार्यलाई निरन्तरता दिईनेछ ।

६१. समुदाय र विद्यालयमा प्रहरी शिक्षा कार्यक्रम सञ्चालन कार्यलाई निरन्तरता दिईनेछ।

६२. कीर्तिपुर नगरपालिकाको बृत्तचित्र निर्माण र नगर गान निर्माण गरी कार्यान्वयमा ल्याइनेछ ।

६३. कीर्तिपुर नगरपालिका भित्र रहेका सडक बालबालिका तथा वेवारिसे व्यक्तिहरूको पहिचान, उद्दार, संरक्षण तथा व्यवस्थापनका लागि परोपकारी संस्थाहरूसँग आवश्यक समन्वय र सहकार्यको नीति लिइनेछ।

## १.४ उद्योग तथा वाणिज्य नीति

६४. लघु उद्यमीहरुका लागि तालिम तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन कार्यलाई निरन्तरता दिईनेछ ।

६५. घरेलु तथा साना उद्योग स्थापना र सञ्चालन गर्न चाहने नगरवासीलाई आवश्यक पर्ने रकम सहुलियत दरमा ऋण स्वरुप उपलब्ध गराउन स्वरोजगार कोषलाई कार्यन्वयनमा ल्याईनेछ ।

६६. नेपाल सरकार तथा बागमती प्रदेश सरकारसँग समन्वय गरी औद्योगिक ग्राम स्थापना तथा सञ्चालनका लागि आवश्यक पहलकदमी लिईनेछ ।

६७. नगर भित्रका स्थानीय उत्पादनको लेबलिङ्ग, ब्राण्डिङ्ग तथा बजारीकरण गरी स्थानीय उत्पादनलाई प्रोत्साहित गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

६८. स्थानीय उत्पादनको प्रवर्द्धन एवं बजारीकरण गर्न नगरपालिका भित्रका व्यापारिक चोक/सार्वजनिक स्थलमा घुम्ती बजार सञ्चालन तथा सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६९. युवा उद्यमशीलता तथा रोजगार अभिबृद्धि कार्यक्रम सञ्चालन गरी उद्यमीहरुका लागि सीप, बिउ पूँजी, प्रविधि हस्तान्तरण तथा परामर्श उपलब्ध गराइने कार्यलाई निरन्तरता दिईनेछ ।

७०. स्थानीय घरेलु मदिरालाई ब्राण्डिङ्ग, लेबलिङ्ग गरी बजारीकरण गर्न आवश्यक पहल गरिनेछ ।

७१. कीर्तिपुर नगर उद्योग बाणिज्य संघको सहकार्यमा ऐतिहासिक महोत्सव तथा कीर्तिपुर नगर लगानी महोत्सव (Investment Summit) कार्यक्रम सञ्चालन गरिनेछ ।

## १.५ गैरसरकारी एवं निजी क्षेत्रसँग साझेदारी

७२. स्वदेशी, विदेशी, सामुदायिक एवं निजी क्षेत्रका उद्योगी व्यावसायीहरुलाई लगानीमैत्री वातावरण सृजना गरी उत्पादन तथा रोजगारमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

७३. नगर क्षेत्रभित्र क्रियाशिल राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ, संस्थाहरुको वार्षिक योजना तथा कार्यक्रम नगरपालिकाको वार्षिक योजना तथा कार्यक्रम अनिवार्यरुपमा समावेश गरी सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ। साथै गैर सरकारी संस्था मार्फत सञ्चालन हुने कार्यक्रमहरुमा संस्थाको समेत लागत साझेदारी रहने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

७४. नगर क्षेत्रभित्र क्रियाशिल राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ, संस्थाहरुको क्रियाकलापलाई पारदर्शी, जवाफदेही, उत्तरदायी र प्रभावकारी बनाउदै नियमन र अनुगमन प्रणाली सृद्धढ बनाउने नीति लिइनेछ।

७५. नगर क्षेत्रभित्र क्रियाशिल राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ, संस्थाहरुबाट सञ्चलान हुने विकास सम्बन्धी कार्यक्रमहरू स्थानीय आवश्यकता र प्राथमिकतासँग आबद्ध गर्ने नीति लिइनेछ।

### १.६ खानेपानी तथा सरसफाई

७६. कीर्तिपुर नगरवासीहरूलाई शुद्ध खानेपानीको प्रयोगमा सहज पहूँचको व्यवस्था मिलाइनेछ ।

७७. कीर्तिपुर नगरपालिका भित्र सञ्चालित खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाई नगरपालिकाको नियमनको क्षेत्राधिकार भित्र ल्याउने नीति लिइनेछ।

७८. दुधपोखरी, सिम र नौमुलेबाट वितरण भैरहेको पानीको वितरण प्रणालीलाई प्रभावकारी बनाइ पहुँच विस्तार गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

७९. खानेपानी मुहानको संरक्षण, व्यवस्थित खानेपानी लाईनको विस्तार तथा वितरण गरी स्वच्छ खानेपानी उपभोगका लागि काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डसँग समन्वय र सहकार्य गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

८०. आकासे पानी संकलन कार्यमा स्थानीय संघ संस्थाहरुको सहभागितामा स्थानीय ऐतिहासिक पोखरीहरुको संरक्षण गरी जमिनमा पानी रिचार्ज गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

८१. खानेपानी, सरसफाई तथा स्वच्छता योजना (WASH PLAN) र दिशाजन्य लेदो व्यवस्थापनको कार्यविधि बनाई नगरव्यापी समावेशी सरसफाई (CWIS) योजना कार्यान्वयनमा ल्याइनेछ ।

## (२) आर्थिक विकास क्षेत्र

### २.१ कृषि विकास

८२. कृषकहरूलाई व्यवसायिक उत्पादनका आधारमा प्रोत्साहित गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

८३. कृषकहरूको सूचिकरण र परिचय-पत्र वितरण गर्ने कार्यलाई कृषि विमा कार्यक्रमसँग आवद्ध गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

८४. नगर क्षेत्रमा कृषि पेशा तथा व्यवसाय प्रवर्द्धन गर्न कृषि उत्पादनमा संलग्न कृषक, ब्यवसायी, उद्यमीको वास्तविक संख्या र उनीहरुको विद्यमान अवस्थाको विवरण संकलन गरी उत्पादनका आधारमा प्रोत्साहित गर्दै लगिनेछ ।

८५. माटोको स्वच्छता कायम गरी गुणस्तर सुधार गर्न प्राङ्गारिक मलको उपयोगलाई प्रोत्साहन गरिनेछ ।एकिकृत शत्रुजीव व्यवस्थापन (आई.पी.एम.)सञ्चालन गर्न प्रत्येक वडामा वाली संरक्षण निर्देशनालय हरिहर भवन ललितपुरको समन्वयमा प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरी आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

८६. रैथाने जातका नगदे बालीको पहिचान,प्रयोग, संरक्षण र प्रवर्द्धन गर्दै उत्पादन, उपभोग तथा बजारीकरणमा प्रोत्साहन गरिनेछ ।

८७. साना/सिमान्तकृत/विपन्न वर्गका कृषकहरुलाई कृषि विकासका लागि मौसम र अवस्था अनुसार बिभिन्न बालीका लागि आवश्यक कृषि सामग्रीहरु (बिउ, मल, विषादी, कृषि औजार, आदी) निःशुल्क उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

८८. कौसी खेती, अर्गानिक तथा जैबिक खेतीलाई निरन्तरता दिईनेछ।

८९. स्थानीय बजार ब्यवस्थापन, संकलन केन्द्र,स्थानीय कृषि बजार स्थापनामा जोड दिईनेछ।

९०. कृषि प्रचार प्रसार तथा क्षमता अभिबृद्धिका कार्यक्रमहरु (तालिम, गोष्ठी, घुम्ती शिविर, कृषि प्रर्दशन मेला आदी) आवश्यकता अनुसार सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

९१. आर्थिक विकासमा सहकारी संस्थाहरुको भूमिकालाई प्रवर्द्धन गर्दै सहकारी संस्थाको नियनमलाई थप प्रभावकारी बनाईनेछ ।

## २.२ पर्यटन तथा संस्कृति प्रवर्द्धन

९२. स्थानीय रहनसहन, संस्कृति, परम्परा झल्किने होमस्टे स्थापना तथा सञ्चालन गर्नका लागि आवश्यक प्रवर्द्धनात्मक कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

९३. नगरपालिकाको समग्र पर्यटन विकासका लागि आधुनिक र प्रविधिमैत्री पर्यटन सूचना केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालित कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

९४. धार्मिक र सांस्कृतिक क्षेत्रका मूर्त तथा अमूर्त सम्पदाहरुको अन्वेषण, अनुसन्धान, संरक्षण, र सम्वर्द्धन गरी सांस्कृतिक पर्यटन प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

९५. धार्मिक, सांस्कृतिक, पर्या-पर्यटन मार्फत रोजगारी सिर्जना गरिनेछ ।

९६. स्वदेशी तथा बिदेशी पर्यटकको बसाई लम्ब्याउन पर्यटकिय पूर्वाधार र सेवा सुबिधाको बिस्तार गरिनेछ ।

९७. मातृभाषा, कला, साहित्य, संस्कृति र सम्पदाहरुको संरक्षण र प्रवर्द्धन गरिनेछ ।

९८. नेपाल भाषा साहित्य सम्मेलन जस्ता कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

९९. नगरको भौतिक पूर्वाधार निर्माण कार्य गर्दा प्राकृतिक सुन्दरता कायम राख्दै पर्यावरणमैत्री दिगो विकासमा जोड दिने कार्यलाई निरन्तरता दिईनेछ ।

१००. ऐतिहासिक ढुङ्गेधारा, पोखरी, कुवा, ईनार, परम्परागत खानेपानीका स्रोतलाई सम्पदाको रुपमा समुदायको सहभागितामा संरक्षण र उपयोग गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१०१. बाजागाजा, जात्रापर्वको सम्बर्द्धन र प्रबर्द्धनार्थ परापूर्वकालदेखि आफ्नो लगन र अथक परिश्रमद्वारा हालसम्म पनि जीवन्त सँस्कृतिको रुपमा जोगाई राख्न सफल स्थानीय भेषभूषा, बाजागाजा खलः, पुचः तथा जात्रापर्व सञ्चालन गर्दै आइरहेका समूहसँग सहकार्य गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१०२. परम्परागत र मौलिककला र संस्कृतिको संरक्षण र सम्वर्द्धनका लागि पुस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१०३. विभिन्न समुदायहरुको सांस्कृतिक संरक्षण गर्न संग्राहलयको निर्माण कार्य सम्पन्न गरी संस्कृति, सम्पदा र भाषा लिपि संरक्षणका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।

१०४. कोर एरियामा परम्परागत शैलिका घर निर्माणमा सहयोगको कार्यक्रमलाई नयाँ घर निर्माण, पुरानो घरको मर्मत सम्भार र रेट्रोफिटिङ्ग समेतमा आर्थिक सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०५. सामुदायिक वन क्षेत्रमा पर्या पर्यटन विकासका-कार्यक्रमहरु सञ्चालन गर्न जनसहभागिताका आधारमा पर्यावरणीय संरक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१०६. स्वदेशी तथा विदेशी स्थानीय सरकार तथा नगरपालिकाहरूसँग भागिनी सम्बन्ध स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।

१०७. पर्यटन सूचना केन्द्रलाई सूचना तथा प्रविधिमैत्री एवं पर्यटन सम्पर्क केन्द्रको रुपमा समेत विकास गरिनेछ।साथै पर्यटक प्रवेश शुल्क संकलन कार्य थालनी गरिनेछ।

१०८. दिगो विकास लक्ष्य (SDG) का सूचकहरू अनुरुप योजना तथा कार्यक्रमहरू तर्जुमा गरी स्थानीयकरण गरिनेछ ।

१०९. नेपाल भाषाको (रञ्जना लिपी) प्रशिक्षण कार्यक्रम सञ्चालन कार्यलाई निरन्तरता दिईनेछ ।

११०. कीर्तिपुरको मूर्त र अमूर्त सम्पदा क्षेत्रलाई बिश्व सम्पदामा सूचिकृत गर्न आवश्यक पहल गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

## २.३ सहकारी विकास

१११. नगर र नगरवासीको आर्थिक तथा सामाजिक विकासका लागि तीन खम्बे अर्थनीतिलाई ग्रहण गर्दै सहकारी क्रियाकलापहरुलाई सोही अनुरुप अगाडि वढाउन नगरपालिकाले उत्प्रेरकको भूमिका निर्वाह गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

११२. नेपाल सरकार तथा बागमती प्रदेश सरकारवाट सार्वजनिक गरिएको सहकारी सम्वन्धी नीतिलाई आत्मसात गर्दै आ.व. ०८३।०८४ मा सहकारी क्षेत्रको नियमन, प्रवर्द्धन र प्रशिक्षणका विशेष कार्यक्रमहरु सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।यसमा विषयगत सहकारी संघहरु, सहकारी बैंकसँग समेत सहकार्य गरिनेछ ।

११३. सहकारी तथा गरिबी निवारण व्यवस्थापन सूचना प्रणाली (COPOMIS) सफ्टवेयरलाई नेपाल सरकारले तय गरेको नीति तथा कार्यक्रम अनुसार सम्बन्धित विभागसँग समन्वय गरी सबैलाई अनिवार्य लागु गर्न प्रोत्साहित गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

११४. सहकारी संस्थाहरु एकिकरण (Merge) का लागि आवश्यक कार्य गरिनेछ ।

११५. नगर क्षेत्र भित्र सञ्चालनमा रहेका सहकारीमा देखिएको जोखिम पहिचान तथा न्यूनिकरण गर्न सङ्घीय तथा प्रदेश सरकारसँगको समन्वयलाई थप प्रभावकारी बनाइनेछ ।

११६. सहकारी विकासका लागि सरोकारवाला पक्षहरुको सहभागितामा सङ्घीय सहकारी ऐनमा भएको संशोधन मुताबिक स्थानीय सहकारी ऐन तथा अन्य नीति, मापदण्ड, निर्देशिका, कार्यविधिहरुको निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

## २.४ पशु विकास

११७. युवाहरुलाई पशुपालन व्यवसायमा आकर्षित गर्न युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

११८. स्थानीय वजार व्यवस्थापन, संकलन केन्द्र, स्थानीय पशुपंछि वजार स्थापना गर्न सम्भाव्यता अध्ययन कार्यलाई निरन्तरता दिईनेछ।

११९. सामुदायिक कुकुर व्यवस्थापन (भ्याकसिन, बन्ध्याकरण) सम्बन्धी कार्यलाई निरन्तरता दिई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

१२०. सामुदायिक कुकुर व्यवस्थापनका लागि आवश्यक होल्डिङ्ग सेन्टर स्थापना तथा सञ्चलानका लागि विभिन्न सरोकारवालासँग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ।

१२१. छाडा चौपायाको व्यवस्थापनको लागि कान्जी हाउस स्थापना गरिनेछ।

१२२. पशु पंक्षीहरूमा लाग्ने रोगहरूको रोकथाम तथा उपचार गरी दुध, अण्डा, मासु जस्ता दुग्ध र मासुजन्य पदार्थको गुणस्तरीय उत्पादनमा थप जोड दिइनेछ।

१२३. व्यवसायिक रुपमा पशुपंछी पालन गरिरहेका साना किसानहरुलाई व्यवसाय सञ्चालनको लागि प्रोत्साहन गर्न आधुनिक यन्त्र उपकरणहरू लागत साझेदारीमा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

१२४. उत्पादकत्व वृद्धि गर्न पशुहरुमा नश्ल सुधार, पशु स्वास्थ्य सेवा, पशुपंक्षी रोग नियन्त्रण तथा सेवा सञ्चालन कार्यलाई निरन्तरता दिईनेछ ।

१२५. व्यवसायिक रुपमा पशुपंछी पालन गरिरहेका विपन्न वर्ग, एकल महिलाहरुलाई उन्नत जातको पशुपंछी निःशुल्क वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

## २.५ रोजगार

१२६. नगर क्षेत्र भित्रका बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन तथा अद्यावधिक गरी व्यवसायिक तालिम दिई रोजगारी श्रृजना गरिनेछ ।

१२७. मिसन रोजगार कार्यक्रम अन्तर्गत "एक वडा एक घरेलु तथा साना उद्योग" स्थापना गर्न प्रेरित गरिनेछ ।

१२८. सीपमूलक तथा व्यवसायिक एवं विशिष्ट तालिम सञ्चालनलाई निरन्तरता दिईनेछ। नगर क्षेत्रभित्र रोजगारी सृजना गर्ने उद्यमीहरूलाई विशेष प्रोत्साहन गरिनेछ।

१२९. बैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुका लागि आवश्यक परामर्श दिईनेछ।

१३०. राष्ट्रिय रोजगार प्रर्वर्द्धन कार्यक्रमलाई नगरपालिकाको श्रम, सीप, उद्यमशिलता तथा रोजगार सम्बद्ध कार्यक्रमलाई लागत साझेदारीमा सञ्चालन गरिनेछ।

१३१. नगरपालिकालाई बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रमका लागि आवश्यक नीति तथा कार्यक्रम अगाडी बढाइनेछ।

## २.६ राजश्व परिचालन

१३२. वहालमा लिए दिएका घर/जग्गा/अन्य संरचना/सम्पत्तिहरूको अनिवार्य दर्ता गर्ने व्यवस्था मिलाइनेछ।

१३३. नगरपालिका भित्रका घर तथा भवन वहाल सम्बन्धी विवरण अद्यावधिक गरी अभिलेखिकरण गरिनेछ।

१३४. स्वयं घोषणा, अनुगमन तथा विद्युतीय प्रणालीको प्रयोग मार्फत घर वहाल करको दायरा विस्तार गरी प्रभावकारी रुपमा कर संकलन गरिनेछ।

१३५. समयमै कर बुझाउने करदातालाई प्रोत्साहन तथा कर चुहावट गर्नेलाई कानून बमोजिम कारवाही गर्ने व्यवस्था मिलाइनेछ।

१३६. आन्तरिक आम्दानीको श्रोत बृद्धिका लागि करको दायरामा नआएका व्यक्त/फर्म/कम्पनीहरूलाई करको दायरामा ल्याउने गरी करको दायरा फराकिलो गर्ने नीति अवलम्बन गरिनेछ।

१३७. नगरपालिकाले असुल गर्ने बहाल र व्यवसाय करलाई वैज्ञानिक, न्यायोचित र करदातामैत्री बनाउन प्रयोजन र स्थान विशेष क्षेत्रको आधारमा करका दर निर्धारण गर्ने प्रबन्ध मिलाइनेछ।

१३८. कर संकलनका लागि घरदैलो तथा घुम्ती टोली परिचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१३९. नगरपालिकाको राजश्व संम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा कर संकलन नीतिलाई सुधार गर्दै लगिनेछ ।

१४०. उद्योग वाणिज्य संघका प्रतिनिधिहरु, घरेलु तथा साना उद्योग संघका प्रतिनिधिहरु, बजार व्यबस्थापन समितिका प्रतिनिधिहरु, जनप्रतिनिधि, कर्मचारी तथा कर संकलन स्वयमसेवकहरु समेतको सहभागीतामा घर बहालर व्यवसाय कर संकलन अभियान एवं सचेतना कार्यक्रम सञ्चालन गरी नगर भित्रका सम्पुर्ण व्यवसायहरुको अभिलेखिकरण प्रकृयालाई तिब्रता दिइनेछ।

१४१. राजश्व प्रशासनलाई अझै सक्षम, पारदर्शी, प्रविधिमैत्री र सेवाग्राहीमैत्री बनाउँदै विद्युतिय प्रणाली मार्फत कर संकलन नीतिलाई कार्यान्वयन गरिनेछ ।

१४२. नगरवासीहरुलाई राजश्व सम्बन्धी सन्देशमुलक कर शिक्षा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४३. मनोरञ्जन कर, पर्यटन शुल्क, पिकनिक स्थल कर, विज्ञापन करहरुको कार्यविधी तथा मापदण्ड बनाई लागू गरिनेछ ।

१४४. नागरिकता, व्यक्तिगत घटना दर्ता, विपद्, अपाङ्गता सम्बन्धी सिफारिस एवं मृतकसँगको नाता प्रमाणित प्रमाणपत्र जारी गर्ने वाहेक नगरपालिका तथा वडा कार्यालयबाट उपलव्ध हुने सेवा सुविधा सम्पत्ती कर तथा बहाल कर लगायतका करहरु अनिवार्य रुपमा चुक्ता गरेको हुनु पर्नेछ।

१४५. नेपाल सरकारले सञ्चालनमा ल्याएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (राजश्व मोड्युल) लाई पूर्ण रुपमा लागू गरिनेछ ।

१४६. करका दरहरूलाई समयसापेक्ष पुनरावलोकनको व्यवस्था मिलाइनेछ।

## (३) वन, वातावरण तथा विपद् व्यवस्थापन

### ३.१ फोहोरमैला व्यवस्थापन तथा सरसफाई

१४७. कुहिने र नकुहिने फोहोर वर्गिकरण गरीउत्पादन स्थलबाटै संकलन गर्ने व्यवस्था गरिनेछ। कुहिने फोहोरवाट जैविक मल बनाउन प्रोत्साहन गरिनेछ ।स्वास्थ्यजन्य र विद्युतीय (E-Waste) फोहोर वर्गीरकण तथा व्यवस्थापन गर्ने नीति लिइनेछ।

१४८. प्रतिस्पर्धाका माध्यमवाट निजी क्षेत्रलाई फोहोरमैला व्यवस्थापनमा सहभागी गराइ नियमित अनुगमन, सुपरिवेक्षण सफ्टवेयरको प्रयोग मार्फत निरन्तरता दिईनेछ।

१४९. नेपाल सरकारले तोकिएको मापदण्ड भन्दा घटी माइक्रोनका प्लाष्टिक प्रयोगलाई निषेध गर्ने र अन्य जोखिमयुक्त प्लाष्टिक जन्य सामग्रीहरूको प्रयोगलाई निरुत्साहित गर्ने नीतिलाई थप प्रभावकारी बनाईनेछ ।

१५०. स्थानीय संघसंस्था, महिला समूह, क्लबहरुको सहभागितामा सार्वजनिक स्थल वातावरण मैत्री बनाइ हरियाली प्रवर्द्धन गर्न साझेदारी कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१५१. कीर्तिपुर नगरपालिका वडा नं ९ ताँलचामा फोहोरमैला प्रशोधन केन्द्र स्थापनकालागि आवश्यक समन्वय गर्नुका साथै नगरभित्र अन्य सम्भाव्यता स्थानको पहिचान गरिनेछ।

१५२. घर, विद्यालय, ऐतिहासिक स्थल लगायतका सार्वजनिक स्थानमा फोहोर व्यवस्थापनका लागि स्थानीय पाठ्यक्रममा व्यवस्था भए अनुरुप वातावरणीय शिक्षा दिने कार्यलाई निरन्तरता दिईनेछ ।

१५३. फोहोरमैला प्रशोधन गरी बाँकी रहेको फोहोरलाई अन्तिम विसर्जनका लागि नेपाल सरकारले तोकेको स्यानेटरी ल्याण्डफिल साईटमा पुर्‍याउन सम्वन्धित निकायसँग आवश्यक समन्वय र सहकार्य गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१५४. **"एक विद्यालय एक सम्पदा"** सफाइ कार्यक्रमलाई अभियानकै रुपमा अगाडी बढाइनेछ ।

१५५. टोलवासीहरूलाई टोल विकास संस्थामा आवद्ध र दर्ता हुन अभिप्रेरित गर्दै सरसफाई र फोहोरमैला व्यवस्थापनको कार्यमा सहभागी हुन प्रेरित गरिनेछ ।

### ३.२ वन तथा वातावरण

१५६. नगरपालिकामा भवन/संरचना निर्माण गर्दा एक विरुवा, एक कम्पोष्ट विन र फोहरमैला संकलन सेवाको ग्राहक बनेपछि मात्र निर्माण सम्पन्न प्रमाणपत्र वितरण गरिनेछ।

१५७. नगरपालिकामा व्यवसायिहरूले व्यवसाय दर्ता सँगै फोहोरमैला संकलन सेवा ग्राहक बनाउने नीति लिइनेछ

१५८. समुदायबाट प्लाष्टिकजन्य फोहोर संकलन तथा प्रशोधन (Recycle and Upcycle) कार्यलाई निरन्तरता दिइनेछ।

१५९. नगरपालिकामा रहेका सरकारी, पर्ती, ऐलानी तथा सार्वजनिक जग्गाहरुमा विभिन्न प्रजातिका बोट विरुवाहरु वृक्षारोपणगरि हरियाली प्रबर्द्धन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१६०. नगरभित्र रहेको पुराना बस्तीहरुमा गाडीहरुको प्रवेशलाई व्यवस्थित गर्न पैदल/साइकल यात्रालाई विशेष प्राथमिकता दिईनेछ।

१६१. सामुदायिक वन उपभोक्ता समूहहरुको वार्षिक योजना तथा कार्यक्रम नगरपालिकामा अनिवार्य रुपमा पेश गर्ने र तोकिए बमोजिम शुल्क तथा दस्तुर नगरपालिकाको संचित कोषमा जम्मा गर्ने व्यवस्थालाई कडाइकासाथ लागु गरिनेछ। सामुदायिक वन उपभोक्ता समूहहरुको क्षमता अभिवृद्धि गर्दै हरियाली प्रवर्द्धन तथा वातावरण संरक्षणमा समन्वय र सहकार्यलाई निरन्तरता दिईनेछ ।

१६२. सामुदायिक वन क्षेत्रहरुमा पर्यटन प्रवर्द्धनको लागि दर्शनीय र मनोरञ्जनात्मक स्थानहरुको निर्माण गरी स्थानीय आयआर्जनलाई टेवा पुऱ्याइने कार्य गरिनेछ ।

१६३. सामुदायिक वन र जिल्ला वन कार्यालयसँग समन्वय गरी जिर्ण भएका रुखको प्रतिस्थापन गर्ने स्थानमा फलफुलको बोट बिरुवा लगाउने कार्यलाई एक बालबालिका एक फलफूल बिरुवा रोप्ने कार्यलाई निरन्तरता दिइनेछ।

१६४. स्थानीयस्तरमा रहेका जडिबुटी बनस्पती पहिचान,संकलन,प्रशोधनर बजारीकरणको माध्यमबाट आयआर्जन र रोजगारीको सम्भाव्यता अध्ययन गरिनेछ । यसको लागि सामुदायिक वन उपभोक्तासँग सहकार्य गरिनेछ ।

## ३.३ विपद् व्यवस्थापन

१६५.विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न स्थापित विपद् व्यवस्थापन कोष सम्वद्ध संस्थाहरुसँग समन्वय गरी प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१६६.विपद् जोखिम न्यूनीकरणकका लागि समुदाय स्तरमा सम्वद्ध संघ-संस्थाहरु, निजी क्षेत्र तथा अन्य क्षेत्रसँगको साझेदारी, सहकार्य र सहयोगमा जनचेतना अभिबृद्धी लगायतका कार्यक्रम सञ्चालनकार्यलाई निरन्तरता दिईनेछ ।

१६७.बिपद् सम्बन्धी सचेतना,क्षमता विकास, प्रतिकार्य, खोज तथा उद्धार र कृत्रिम अभ्यास कार्यलाई बिभिन्न संघसंस्थासँगको सहकार्यमा सञ्चालन कार्यलाई निरन्तरता दिईनेछ ।

१६८.नगरस्तरमा प्रतिकार्यलाई प्रभावकारी बनाउन आपतकालिन कार्य सञ्चालन केन्द्र (ईमरजेन्सी अपरेशन सेन्टर) को स्थापना तथा सञ्चालन कार्यलाई थप व्यवस्थित गरिनेछ र विपद्मा प्रयोग गर्नको लागि नगरपालिका क्षेत्र भित्र खुला क्षेत्रहरूको पहिचान गरी संरक्षण गरिनेछ ।

१६९.विपद्का समयमा जनधनको क्षतिलाई कम गर्न नगरस्तरमा द्रुत प्रतिकार्य समूहको गठन, प्रशिक्षण तथा स्रोत र साधनको व्यवस्थाका लागि सम्वद्ध संस्थाहरुसँग समन्वय गरिनेछ ।

१७०. विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि आवश्यक जनशक्तिको उत्पादन तथा विपद् जोखिम व्यवस्थापनका लागि नगरस्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) अनुरुपका कार्यक्रम सञ्चालन गरिनेछ ।

१७१. विपद् प्रतिकार्य खोज उद्दार कार्यका लागि सबै वडामा आवश्यक सामाग्री भण्डारणको प्रबन्ध मिलाईनेछ ।

१७२. विपद् व्यवस्थापन सम्बन्धी पूर्व सूचना प्रणाली (Early Warning System) स्थापना गरिनेछ।

## ३.४ भू तथा जलाधार संरक्षण

१७३. दिगो विकासको स्थानीयकरण, जलस्रोतको पहिचान र संरक्षण, हरियाली प्रवर्द्धन जस्ता विषयलाई प्राथमिकता दिइ कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१७४. परम्परागत पानीका श्रोतहरू ढुंगेधारा, पोखरी, ईनारहरूको सरंक्षण गर्न विशेष कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१७५. बल्खु र बागमती नदी, दुधपोखरी, सिम, नौमुले, राउटे भीर, सिम्ले खोला, बोसन खोला लगायतको जलाधार क्षेत्रको संरक्षणका लागि तटवन्ध तथा चेकड्याम निर्माण, वृक्षारोपण लगायतका कार्यलाई निरन्तरता दिईनेछ ।

१७६. भूक्षय तथा पहिरोको उच्च जोखिम रहेका क्षेत्रहरू पहिचान गरी सो को नियन्त्रणकालागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१७७. राजकुलो, मूहान, तालतलैया र पोखरी संरक्षण तथा पुनर्भरण गर्ने कार्य लाई निरन्तरता दिइनेछ ।

## ३.५ भूमि नीतिः

१७८. नगर क्षेत्र भित्रका सरकारी, सार्वजनिक र सामुदायिक जग्गाको पहिचान तथा संरक्षण गरिनेछ। उक्त जग्गाहरुको लगत राखी संरक्षणका लागि स्थानीय समुदायसँग समन्वय र साझेदारी गरिनेछ ।

१७९. सम्बन्धित निकायसँग समन्वय गरी स्ववासी, बेनिस्सा, दर्ता गर्न बाँकी तथा नापी नभएका र नापी भै जग्गा धनी प्रमाण पूर्जा वितरण हुन बाँकी रहेका व्यक्तिलाई आगामी आर्थिक वर्षमा समेत नाप जाँच एवं हाल साविक गर्ने तथा जग्गा धनी पुर्जा वितरणका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

१८०. नगरपालिकाको हाल कायम भएको साँध सिमानालाई समेटेर नापी, मालपोत कार्यालय लगायतका सम्बन्धित निकायसँग समन्वय गरी नगरपालिकाको नयाँ भौगोलिक नक्शा प्रकाशन गर्न पहलगरिनेछ ।

१८१. पर्ति, ऐलानी तथा सार्वजनिक जग्गा र हदबन्दीमा परेको जग्गा नगरपालिकाको नाउँमा भोगाधिकार प्राप्त गरी स्थानीय स्तरमा उपयोगका लागि पहल गरिनेछ ।

१८२. एकिकृत जग्गा विकास अवधारणालाई प्राथमिकता दिइ कार्यान्वयनमा ल्याइनेछ ।

१८३. भूउपयोग नीति, २०७९ मा व्यवस्था भए बमोजिम कीर्तिपुर नगरपालिकालाई भू वर्गिकरणको प्रकृयालाई अगाडी बढाइनेछ।

## (४) भौतिक पूर्वाधार विकास क्षेत्र

## ४.१ भौतिक पूर्वाधार

१८४. धार्मिक तथा ऐतिहासिक सम्पदा स्थलहरूको संरक्षण तथा प्रवर्द्धन गरिनेछ । यस्ता सम्पदाहरूमा बत्ती तथा सडक बत्ती जडानको कार्यक्रमलाई निरन्तरता दिईनेछ । नेपाल विद्युत प्राधिकरणको साझेदारीमा सडक बत्ती जडान गरी सडक बत्तीको व्यवस्थापनका लागि निरन्तरता दिईनेछ ।

१८५. मापदण्ड विपरित तथा सार्वजनिक जग्गा अतिक्रमण गरी निर्माण गरिएका अवैध संरचनालाई हटाई मापदण्डको दायरामा ल्याईनेछ ।

१८६. नगर क्षेत्रको सुरक्षालाई मध्यनजर गरी सडक बत्ती तथा सि.सि. क्यामेरा जडान कार्यलाई निरन्तरता दिइनेछ ।

१८७. नगर क्षेत्रभित्रको ढल व्यवस्थापनलाई प्रभावकारी बनाउन सरोकारवाला निकायहरूसँग समन्वय कार्यलाई निरन्तरता दिईनेछ ।

१८८. नगर क्षेत्रका मुख्य मुख्य सडकहरुमा ट्राफिक आईल्याण्ड, रोड मार्किङ्ग र ट्राफिक संकेत चिन्हहरुको व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१८९. अव्यवस्थित बिजुली, टेलिफोन, ईन्टरनेट, टेलिभिजन केवल लगायतका तारहरूलाई सम्बन्धित निकायहरुसँग समन्वय गरी व्यवस्थित गर्न आवश्यक कार्य गरिनेछ ।

१९०. ढल तथा खानेपानी, विद्युत, केबल र अन्य प्रयोजनका लागि सडक खन्नु पूर्व नगरपालिकाको स्वीकृति लिई पूर्ववत अवस्था हुने गरी सम्बन्धित पक्षबाट नै काम सम्पन्न गराइनेछ ।

१९१. सडकका खाल्डा-खुल्डी तत्काल मर्मत सम्भार गर्ने र सबै सडकको नियमित मर्मत संभार गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१९२. प्रशासनिक भवन निर्माण गर्न बाँकी रहेका वडा कार्यालयहरुको भवन निर्माण गर्दै लगिनेछ।

१९३. पचास प्रतिशत लागत साझेदारीमा सञ्चालन हुने योजना कार्यान्वयनलाई प्राथमिकता दिइनेछ।

१९४. घना वस्ती क्षेत्रमा पर्यटन प्रवर्द्धनको लागि सम्पदा पदमार्ग निर्माण गरिनेछ ।

१९५. भवन निर्माण नक्सा स्वीकृति प्रकृयालाई छिटो, सरल तथा पारदर्शी, बनाउन अत्याधुनिक प्रविधिको प्रयोग गरिनेछ।

१९६. नक्सा पास सेवालाई प्रभावकारी बनाउन डेडिकेटेड प्राविधिक तथा प्रशासनिक जनशक्तिको व्यवस्था गरिनेछ।

१९७. फिल्ड अनुगमनलाई समयवद्ध र वस्तुनिष्ट र सेवाग्राही मैत्री बनाई अनावश्यक झनझट तथा गुनासोलाई न्यूनिकरण गरिनेछ।

१९८. सुरक्षित भवन निर्माण, भवन संहिताको पालना तथा व्यवस्थित शहरी विकासलाई कडाइका साथ कार्यन्वयन गरिनेछ।

१९९. भवनको नक्सापास प्रकृयालाई सरल, सहज र पारदर्शी बनाई विद्युतीय भवन निर्माण अनुमती प्रणालीलाई थप प्रभावकारी बनाई ऐनले तोकेको समयमा नै नक्सा पास गरी भवन निर्माण ईजाजत पत्र प्रदान गरिनेछ। यसका लागि क्षमता अभिवृद्धि सहित विभिन्न माध्यमबाट सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

२००. मुख्य सडकमा जोडिएका जग्गामा Underground पार्किङ्ग सहितको व्यवस्था गरी बनाईने घरको नक्सा पास शुल्कमा विशेष छुट दिईनेछ ।

२०१. सवारी साधनको बढ्दो चापलाई ध्यानमा राखि नगर क्षेत्र भित्र पार्किङ्गलाई व्यवस्थित गर्न कीर्तिपुर नगरपालिका वडा नं. १० स्थित कर्भड हल सँगै रहेको स्थानमा Underground पार्किङ्ग सहितको बहुउद्देश्यीय खेलकुद मैदान निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

२०२. Laboratory School सँगै चोभार र कीर्तिपुर दोबाटोमा परम्परागत शैलीको कलात्मक प्रवेशद्वार निर्माण गरी सो स्थान देखि कबर्ड हलसम्म सडक पेटी सौन्दर्यकरण कार्यलाई अगाडि बढाईनेछ ।

२०३. नगरवासीहरूको अवागमनलाई सहज, सरलबनाउन नगर क्षेत्र भित्रूनगर बस" सञ्चालनका लागि आवश्यक पहल गरिनेछ ।

२०४. कीर्तिपुर नगरपालिका वडा नं ४ स्थित तामाङ्ग वस्तीमा वृहत खानेपानीको लागि ट्याङ्की निर्माण गरी खानेपानी वितरण कार्यलाई सहज रुपमा व्यवस्थित गरिनेछ ।

## ४.२ खेलकुद विकास

२०५. सबै वडाहरुमा खेल मैदान तथा व्यायामशाला निर्माण गरी युवा तथा खेलकुद विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२०६. विद्यालय तथा वडास्तरको खेलकुद प्रशिक्षण तथा प्रतियोगिता कार्यक्रमर"मेयर खेलकुद् कार्यक्रम"लाई निरन्तरता दिइनेछ।

२०७. नगरभित्र सञ्चालन हुने विभिन्न खेलकुद कार्यक्रम र आन्तरिक तथा बाह्य प्रतियोगिताहरूमा सहभागी हुने कार्यलाई निरन्तरता दिइनेछ ।

२०८. विद्यालय तथा समुदाय स्तरमा खेलकुदका पूर्वाधार तयार गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२०९. कीर्तिपुर नगरपालिका क्षेत्रभित्र एउटा अन्तराष्ट्रिय स्तरको ट्र्याक एण्ड फिल्ड सहितको रंगशाला निर्माण कार्य प्रारम्भ गरिनेछ ।

२१०. स्वस्थ,अनुशासित नागरिक तयार गर्न खेलकुदलाई संस्कृतिको रुपमा विकासगरिनेछ ।

२११. राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धाका लागि सक्षम र व्यवसायिक खेलाडी तयार गर्न खेलकुद पूर्वाधारको विकास गर्दै प्रशिक्षण कार्यलाइ निरन्तरता दिइनेछ।

२१२. खेलकुदलाई प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२१३. "मेयर युवा विकास कार्यक्रम" सञ्चालन गरिनेछ ।

## (५) सुशासन तथा संस्थागत विकास क्षेत्र

## ५.१ सुशासन

२१४. जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि आवश्यक क्षमता विकास तालिम कार्यक्रमहरू सञ्चालन गरी नगरबासीलाई उपलब्ध गराउने सेवा प्रवाहलाई चुस्त, दुरुस्त, छिटो, छरितो, पारदर्शी जवाफदेही र जनउत्तरदायी बनाईनेकार्यलाई निरन्तरता दिईनेछ ।

२१५. कर्मचारीहरुको मनोवल उच्च बनाउन कार्यसम्पादनका आधारमा पुरस्कृत गर्ने तथा सुधार कार्यलाई लागू गरिनेछ ।

२१६. सार्वजनिक जग्गा संरक्षण कार्यक्रम, कानून शाखा तथा न्यायिक समिति प्रवर्द्धन कार्यक्रम,विद्युतीय नक्सा पास प्रवर्द्धन कार्यक्रम, घरदैलो राजश्व संकलन कार्यक्रम, सरसफाइ व्यवस्थापन कार्यक्रम, सडक सुधार कार्यक्रम, सञ्चालन कार्यलाई निरन्तरता दिईनेछ ।

२१७. आन्तरिक लेखा परीक्षण शाखाको क्षमता अभिवृद्धि गरी देखिएका बेरुजुहरूको समयमा नै सम्बोधन गर्ने व्यवस्था मिलाई बेरूजु न्यूनीकरणगरिनेछ ।

२१८. नगरपालिकाबाट भएका न्यायिक समितिको निर्णय कार्यान्वयन गर्न फैसला कार्यान्वयन ईकाइको व्यवस्था गरिनेछ ।

२१९. न्यायिक समितिका काम कारवाही डिजिटलाईज गर्न प्रोत्साहन गरिनेछ ।कानूनी सहायता आवश्यक पर्ने पक्षका लागि कानूनी सहायता कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२२०. स्थानीय विवाद समाधानमा मेलमिलाप प्रकृयालाई प्राथमिकता दिई न्याय निरुपण कार्यलाई छिटो, छरितो र पहुँचयोग्य बनाइनेछ।

२२१. कीर्तिपुर नगरपालिकाले हालसम्म जारी गरिएको कानूनहरूको उत्तर विधायकी परीक्षण गरी समसामायिक संशोधन गरिनेछ।

## ५.२ सूचना प्रविधि

२२२. नगरपालिकाबाट प्रवाह गरिने सेवालाई थप सरल र सहज बनाउन समयानुकल सूचना तथा प्रविधिलाई प्रभावकारी रुपमा अवलम्वन गरिनेछ ।

२२३. फ्रि वाइफाइ तथा सी.सी.टि.भि. व्यवस्थापनमा सुधार गरी थप विस्तार गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

२२४. स्पासियल ईन्फरमेसन (Spatial Information) सहितको घर नम्बरिङ, व्यक्तिगत विवरण, बाटोघाटो, नगरमा रहेका सार्वजनिक स्थानहरु आदि समेटिएको नगर पार्श्वचित्र (नगर प्रोफाईल) तयार गरी भौगर्भिक सूचना प्रणाली (GIS) र घर नक्सा प्रणालीसँग जोडिनेछ।

२२५. नगरपालिकामा सञ्चालनमा रहेका प्रणालीहरुको Digital Security सहित Data Backup स्थापना गरीएकोमा सो डाटा सेन्टरबाट सेवा प्रबाहमा IT Tools and Techniques को व्यवस्थापन गरिनेछ।

२२६. सूचना प्रविधिको प्रयोगमार्फत सेवा प्रवाहमा प्रभावकारिता ल्याउन नगरपालिकाका सेवाहरूलाई थप सरल, सहज र प्रविधिमैत्री बनाई नागरिकको घरदैलोमा पुऱ्याइनेछ र यसका लागि कर्मचारीहरूको क्षमता विकास गरिनेछ।

२२७. स्मार्ट नगर तथा डिजिटल सुशासनको अवधारणाअनुरूप मुख्य पर्यटकीय स्थलहरूमा निःशुल्क Wi-Fi सेवाको विस्तार गर्नुका साथै नगरका मुख्य प्रवेश नाकाहरू, प्रमुख चोक र सार्वजनिक स्थलहरूमा AI आधारित Face Recognition, ANPR तथा उच्च क्षमतायुक्त CCTV सहितको Smart Surveillance System स्थापना तथा विस्तार गरी सुरक्षा व्यवस्थालाई थप सुदृढ बनाइनेछ।

२२८. कीर्तिपुरलाई 'स्मार्ट सिटी' मा रूपान्तरण गर्ने आधारस्तम्भको रूपमा रहेको जीआईएस (GIS) आधारित नगर प्रोफाइल (Municipal Profile) र क्युआर (QR) कोडसहितको डिजिटल हाउस नम्बरिङ कार्यलाई यसै आर्थिक वर्षभित्र अनिवार्य रूपमा सम्पन्न गरी प्रमुख नागरिक

सेवाहरूलाई एकीकृत प्रविधिमा आबद्ध गर्ने प्रक्रियालाई उच्च प्राथमिकताका साथ अघि बढाइनेछ।

२२९. आई.टी. हब र Innovation: युवाहरूको 'ब्रेन ड्रेन' रोक्न 'मिसन रोजगारी' अन्तर्गत स्थापित I.T. HUB लाई पूर्ण क्षमतामा सञ्चालन गरी स्थानीय युवाहरूलाई डिजिटल स्टार्टअप, फ्रिल्यान्सिङ र Innovation मा आबद्ध गरिनेछ।

**अन्त्यमा**,

माथि प्रस्तावित नीति तथा कार्यनीतिको कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यक्रम र बजेटको विस्तृत विवरण सहितको प्रस्ताव यसै नगरसभाको आगामी बैठकमा प्रस्तुत हुने व्यहोरा जानकारी गराउँदै नीति, कार्यक्रम तथा बजेटको पूर्ण रुपमा कार्यन्वयन गर्न हामी सबैको सामूहिक प्रतिबद्धता, साझा संकल्प र क्रियाशिलताको अपेक्षा गर्दछु ।

नगरवासीको चाहना अनुरुप स्थापित यस स्थानीय सरकारले साधन र स्रोतको सिमीतताका बाबजुत पनि बढ्दो जन आकांक्षालाई सम्बोधन गर्ने प्रयास गरिएको छ। माथि उल्लेखित नीति, कार्यक्रम तथा बजेट तर्जूमा गर्न तथा यसलाई सफल रुपमा कार्यन्वयन गर्न सहयोग गर्नु हुने आम नगरबासी, नागरिक समाज, सङ्घीय तथा प्रदेश सरकारका विभिन्न निकाय, छिमेकी स्थानीय सरकारहरु, निजी क्षेत्र, सम्पूर्ण जनप्रतिनिधि तथा शाखा प्रमुख सहित सबै कर्मचारीहरूको निरन्तर सहयोग, समन्वय र सहभागीताको अपेक्षा गर्दै हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

शुभलक्ष्मी शाक्य "सुनिता"
उपप्रमुख तथा संयोजक
बजेट तथा कार्यक्रम तर्जूमा समिति
कीर्तिपुर नगरपालिका